# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८३।०३।१९ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला रौतहट, राजपुर नगरपालिका वडा नं. ५ स्थित जनता (नमूना) माध्यमिक विद्यालयका प्रधानाध्यापक समेतले विद्यालयको टेण्डर तथा भवन निर्माण गर्दा अनियमितता गरेको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला रौतहट, राजपुर नगरपालिकाको मिति २०७५/११/०३ गतेको निर्णयानुसार राजपुर नगरपालिका वडा नं. ५ स्थितजनता (नमूना) माध्यमिक विद्यालयको नमूना विद्यालय विकास कार्यक्रमको लागि बहुवर्षीय गुरूयोजना स्वीकृत गरी सो विद्यालयका प्रधानाध्यापकको अध्यक्षतामा भौतिक संरचना निर्माण समिति गठन भएको, परामर्शदाता D.B. Multi Engineering Consultant Pvt. Ltd., New Baneshwor, Kathmandu बाट प्रि-स्कुल ब्लकको आठकोठे भवन निर्माण कार्य (Construction of Pre-School Block (8 room Building)) को लागि तयार भएको लागत अनुमान रू.९७,३७,९९४/६२ रहेकोमा उक्त निर्माण कार्यको लागि संशोधित लागत अनुमान रू.१,०५,७७,५९६/४० भएको भनी विद्यालयमा गठन गरिएको भौतिक संरचना निर्माण समितिबाट भवन निर्माणको कार्य गरी/गराई उक्त भवन निर्माण कार्यमा प्राविधिक बिल अनुसार जम्मा रू.१,०९,८१,५०१/१० रकम बराबरको मूल्याङ्कन बिल र कार्य सम्पन्न प्रतिवेदन तयार गरी/गराई सो मूल्याङ्कित रकमलाई खर्च भैसकेको भनी लागत अनुमान बमोजिम नपुग रकम माग गर्ने र अन्तिम बिलमा मूल्याङ्कन हुन बाँकी रहेका कार्यको रकम माग गर्ने समेतको निर्णय भौतिक संरचना निर्माण समितिको मिति २०७७/१०/१६ को बैठकबाट गरे गराएको देखिएकोले आयोगबाट उक्त निर्माण कार्यको स्थलगत नापजाँच गर्दा रू.११,१०,११४/५७ (एघार लाख दश हजार एक सय चौध रूपैयाँ सन्ताउन्न पैसा) बराबरको बढी निर्माण कार्य भएको देखाई नभए/नगरेको कार्य बापतको झुट्टा बिल, भरपाई बनाई बढी मूल्याङ्कन गरी/गराई नेपाल सरकार र विद्यालयको कोषलाई गैरकानुनी हानि पुऱ्याउने बदनियतले भुक्तानी लिने/दिने कार्य गरेको देखिँदा उक्त कार्यमा संलग्न देहायका प्रतिवादीहरू उपर देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**<u>देहाय</u>**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | राजपुर नगरपालिका, नगर कार्यपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत **बैजु ठाकुर** | रू.११,१०,११४/५७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरमा बिगो रू. एघार लाख दश हजार एक सय चौध रुपैयाँ सन्ताउन्न पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |

| | | | |
|---|---|---|---|
| २. | राजपुर नगरपालिका, रौतहटका तत्कालीन इन्जिनियर **मोहम्मद शाह फैसल** | रू.११,१०,११४/५७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरमा बिगो रू. एघार लाख दश हजार एक सय चौध रुपैयाँ सन्ताउन्न पैसा कायम गरी सोही ऐनको दफा ८ को उपदफा(१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असूल उपर हुन तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवानाको सजायसमेत हुन मागदाबी लिइएको छ। |
| ३. | जनता (नमूना) माध्यमिक विद्यालयका तत्कालीन प्रधानाध्यापक **विजयकान्त मिश्र** | रू.११,१०,११४।५७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूरमा बिगो रू. एघार लाख दश हजार एक सय चौध रुपैयाँ सन्ताउन्न पैसा कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| ४. | जनता (नमूना) माध्यमिक विद्यालयका लेखापाल **शेख जहिर** | रू.११,१०,११४।५७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूरमा बिगो रू. एघार लाख दश हजार एक सय चौध रुपैयाँ सन्ताउन्न पैसा कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |

सहायक प्रवक्ता

गणेश बहादुर अधिकारी